बजार पूर्वाधार अनुदान क्षेत्र (Market Infrastructure Window-MIW), अवधारणा पत्र तथा प्रस्ताव सम्बन्धी जानकारीको सङ्गालो

१. उन्नती कोष तथा बजार पूर्वाधार अनुदान क्षेत्र सम्बन्धी जानकारी

१.१ उन्नती कोष के हो ?

उन्नती कार्यक्रम नेपालमा बजार निर्देशित नीजि क्षेत्रको विकासको माध्यमबाट दीगो र समावेशी विकासको प्रवर्द्धन गर्ने उद्देश्यले **डेनमार्क सरकारद्वारा नेपाल सरकारलाई आर्थिक सहयोग गरी सञ्चालित कार्यक्रम हो ।** यो कार्यक्रम पूर्वाअञ्चल विकास क्षेत्रका सात जिल्लाहरु धनकुटा, तेह्रथुम, संखुवासभा, भोजपुर, इलाम, पाँचथर र ताप्लेजुङमा अर्थोडक्स चिया, अदुवा, अलैंची तथा डेरी मूल्य श्रृङ्खलाको विकासमा लक्षित छ । **यो कार्यक्रम साझेदारहरुमा** कृषि विकास मन्त्रालय, स्थानीय पूर्वाधार बिकास तथा सडक विभाग, जिल्ला प्राविधिक कार्यालय, तथा जिल्ला कृषि विकास कार्यलय, जिल्ला पशु सेवा कार्यलय, जिल्ला विकास समितिहरु, तथा नेपाल राष्ट्र बैंक, ORGUT, UNCDF, ILO र नेपाल बिजनेस फोरम, रहेका छन् ।

कार्यक्रमको कोष अन्तरगत प्रतिस्पर्धात्मक प्रक्रियाबाट नीजि उद्यमी, किसान समूह, सहकारी, नीजि तथा सार्बजनिक क्षेत्रका सेवा प्रदायक संस्थाहरुबाट पेश हुन आउने माथि उल्लेखित चारवटा कृषि वस्तुहरुको मूल्यश्रृङ्खलाको व्यवसायीकरण तथा दिगो विकासमा सहयोग पुऱ्याउने तथा क्षेत्रीय तथा राष्ट्रिय स्तरमा समेत उपयोगी/प्रभावकारी तथा कार्यक्रमका लागि छनौट गरिएका सातवटै जिल्लाका लक्षित समूहलाई लाभान्वित गर्न सक्ने **नवीन, मौलिक एवम् अनुकरणयोग्य** परियोजनाहरुलाई **पूरक अनुदान (Matching Grant) उपलब्ध गराइने छ ।**

बजार पूर्वाधार घटकले लक्षित गरेका चारवटा मूल्य श्रृङ्खला (अर्थोथक्स चिया, अदुवा, अलैची तथा डेरी) अन्तरगत पहिचान गरिएका देहायका समस्या, सवाल र अवरोधहरुको समाधान गरी व्यवसायिक लाभ र अवसरको सिर्जना गर्ने कोषको उद्देश्य रहेको छ ।

(क) अर्थोडक्स चिया मूल्य श्रृङ्खला (Orthodox Tea Value Chain)

- उत्पादन तहमा आवद्ध अधिकांश चिया कृषकहरु परम्परागत प्रणालीबाट खेती गर्ने साना किसान रहेका छन् । यसरी उत्पादन गरिएको चियापत्तिको उत्पादकत्व र गुणस्तरमा कमि देखिनुका साथै उत्पादन लागत पनि उच्च रहेको छ । चियाखेतीसँग सम्बन्धित मुख्य समस्याहरुमा चियाको उपयुक्त जात उपलब्ध नहुनु, प्राविधिक ज्ञान र प्रविधिको कमी एवम् दक्ष प्राविधिकको अभाव लगायत गुणस्तरीय उत्पादन सामाग्रीहरुमा स्थानीयस्तरमा उत्पादन नहुनु वा समयमा उपलब्ध नहुनु वा किसानको पहुँचमा कमी हुनु र विद्यमान परम्परागत खेती प्रविधि रहेको छ ।
- प्रशोधनस्तरमा उपयुक्त प्रविधिको अभाव, कारखानाको क्षमता अनुसार उत्पादन गर्न नसक्नु, विद्युत अभाव, मेसिनरी उपकरणहरुको मर्मत सम्भार खर्च बढी हुनु, पुराना र अनुपयुक्तमेसिनरी उपकरणको प्रयोग, विज्ञ प्राविधिक सेवा शुल्क बढी हुनु, दक्ष श्रमिकको कमी, बारम्बारको

हड्ताल तथा राजनीतिक अस्थिरताका कारण तयारी चिया उत्पादन र गुणस्तरमा कमी आउनुका साथै प्रशोधन, प्याकेजिङ, बजारीकरण लागत समेत बृद्धि भएको छ ।

- अर्थोडक्स चियाको अन्तर्राष्ट्रिय माग अधिक भएतापनि अधिकांश नेपाली अर्थोडक्स चियाअन्तर्राष्ट्रिय माग र मापदण्ड अनुरुपको रहेको छैन । अन्तर्राष्ट्रिय चिया बजारमा प्रतिस्पर्धा गर्नका लागि प्राङ्गारिक उत्पादन तथा प्रमाणीकरण (Organic production & certification) तथा लेबलिङ,खाद्य स्वच्छता परीक्षण (HACCP, MRLs, Mycotoxin, Anthraquinone) तथा प्रमाणीकरण,स्वच्छ व्यापार (Fair Trade) लगायतका असल उत्पादन अभ्यासहरु (Good Manufacturing Practices) अवलम्बन गर्न आवश्यक रहेको छ ।
- अर्थोडक्स चियामूल्यश्रृङखलामा आवद्ध सामाग्री आपूर्तिकर्ता, उत्पादनकर्ता, श्रमिक, सङ्कलनकर्ता, प्रशोधनकर्ता, व्यपारी तथा बजार प्रवर्द्धक लगायतका मुख्यपात्रहरु बीच आपसी विश्वास, सम्बन्ध, पारदर्शिता र लाभको उचित बाँडफाँड (Benefit Sharing) को कमी रहेको छ । चिया क्षेत्रका श्रमिकहरुले काम गर्ने उपयुक्त वातावरण नपाएको र किसानले कारखानाबाट हरियो पत्तिकोमूल्यकम पाउने गरेको गुनासो रहेको छ । अर्कातिर किसानबाट कम गुणस्तरको हरियोपत्ति आएका कारण उच्च गुणस्तरको तयारी चिया बनाउन नसकिएको र अपेक्षित लाभ लिन नसकेको गुनासो चिया उद्यमीहरुको रहेको देखिन्छ ।
- भारतीय भन्सारमा रहेकागैरकर अवरोध तथा त्यहाँ गरीने विभिन्न प्रयोगशाला परीक्षण (CFL, FPA Test etc.) जाँचका कारण समय र लागतमा वृद्धि भएको छ । यसले निर्यातयोग्य तयारी चियाको गुणस्तरमा समेत नकारात्मक असर गरेको छ ।
- अर्थोडक्स चियाको आन्तरिक तथा अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गर्नका लागि अत्यन्तै सीमित कार्यक्रमहरु मात्र हुने गरेका छन् । साथै नेपाली चियाको पहिचानयुक्त ब्राण्ड (National Brand) प्रवर्द्धनका लागि सम्लग्न सबै सरोकारवालाहरुको संयुक्त र समन्वयात्मक पहलहरु भएका छैनन् ।

(ख) डेरी मूल्य श्रृङ्खला (Dairy Value Chain)

- उन्नत तथा व्यवसायिक गाईपालन सम्बन्धी सीप तथा ज्ञानको कमी, उन्नत नश्ल (जात), कृत्रिम गर्भाधानका लागि चाहिने तरल नाइट्रोजन तथा गुणस्तरीय वीर्य (सिमेन), पशु आहारा (दाना, घाँस आदि), प्राविधिक (भेटनरी) सेवा तथा गुणस्तरीय उत्पादन सामाग्रीको कमिले गर्दा दुधको उत्पादकत्व निकै कम (सरदर ५ लिटर प्रति गाई प्रतिदिन भन्दा कम) रहेको छ । जसले गर्दा दुधको उत्पादन लागत निकै उच्च (सरदर २० रुपैया प्रति लिटर) रहको छ ।
- गोठ, थलो तथा पशुको सरसफाईमा कमी तथा दुध दुहुने, ओसारपसार, भण्डारण तथा वितरणमा सम्लग्न सङ्कलन तथा चिस्यान केन्द्रहरुमा उपयुक्त सामाग्री एवम् उपयुक्त तौरतरिकाको कमीले ताजा दुध कम गुणस्तरको हुने गरेको छ ।
- डेरीहरुले बेलुकाको दुध खरीद नगर्ने भएकाले दुध फाट्ने, बिग्रने तथा मिसावट भई गुणस्तरमा ह्रास तथा क्षति भइरहेको छ ।

- दुर्गम पहाडि क्षेत्रहरुमा अत्याधिक मात्रामा दुधको उत्पादन भएता पनि बजार पहुँचको कमी, संकलन तथा प्रशोधन केन्द्र र डेरीको अभावका कारण ताजा दुध बिक्री गर्न कठिनाई हुने गरेको छ ।
- अमेरिका लगायतका विकसित राष्ट्रहरुमा छुर्पी लगायतका तुलनात्मक रुपमा लामो समयसम्म भण्डारण गर्न सकिने दुग्ध उत्पादन, कुकुरको आहारा (Dog Chew) आदिको अत्याधिक माग भएतापनि निर्यातका लागि आवश्य गुणस्तर र एकरुपकता कायम हुन सकेको छैन ।

(ग) अदुवा मूल्य श्रृङखला (Ginger Value Chain)

- अदुवाको स्वस्थ विउको गानो छनौट, भण्डारण, ओसारपसार एवम् उपचारको कमीले क्रमिक रुपमा अदुवाको विउको गुणस्तरमा ह्रास आइरहेको छ । यसको साथै उन्नत अदुवा खेती प्रविधि, बाली व्यवस्थापन, गानो कुहिने लगायतका रोग किरा व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान र सीपको कमी तथा प्राङ्गारिक मल तथा विषादी लगायतका उत्पादन सामाग्रीहरुको कमिका कारण अदुवाको उत्पादकत्व कम (१५ मेट्रीक टनभन्दा कम) रहेको छ । जसले गर्दा उत्पादन लागत समेत अधिक (सरदररु २५ प्रति के.जी) देखिएको छ ।
- अदुवाको उत्पादकत्व बढाउन, उत्पादन लागत घटाउन तथा बजारयोग्य अदुवाको गुणस्तर सुधार एवम् वृद्धि गर्नका लागि उपयुक्त उत्पादन प्रविधि (Appropriate Production Technology) अवलम्बन गर्न जरुरी देखिन्छ ।
- अदुवामा मूल्य अभिबृद्धि (Value Addition) सम्बन्धि क्रियाकलाप सिमित वा नगण्य रुपमा मात्रै भएका छन् । किसान तथा व्यापारीहरुले ताजा अदुवाको सरसफाई, धुलाउने तथा ग्रेडिङ गर्ने (Grading) नगरी सोझै कच्चा अदुवा विक्रि गर्ने गरेको पाइन्छ । यी समस्या लगायत` अदुवा प्रशोधन गर्ने व्यवसायिक सुविधा र कारखाना पूर्वाञ्चल विकास क्षेत्रमा सञ्चालनमा रहेको पाइदैन ।
- यस क्षेत्रमा उत्पादित अदुवाको ८५ प्रतिशत भारतीय बजारमा निर्यात हुने गरेको छ । त्यसैले बजारको विविधिकरण गर्नका लागि भारत बाहेकका अन्तर्राष्ट्रिय बजारको खोजी, खरीदकर्ताको रुची, चाहाना र आवश्यकताको पहिचान, उपजको गुणस्तर मापदण्ड, उपजको स्वच्छता सम्बन्धी व्यापार तथा खाद्य स्वच्छता मापदण्ड (SPS Requirements), विभिन्न प्रयोगशाला परीक्षण (खाद्य तत्व परीक्षण, विषादि अवशेष परिक्षण आदि) प्राङ्गारिक उत्पादन, प्रमाणीकरण, लेबलिङ, प्याकेजिङ लगायतका बजारीकरण सम्बन्धी सेवा र जानकारीहरुको विकास गर्न जरुरी रहेको छ ।

(घ) अलैची मूल्य श्रृङखला (Large Cardammom Value Chain)

- उपयुक्त जात तथा गुणस्तरीय स्वस्थ बेर्नाको उपलब्धता र गुणस्तरीय उत्पादन सामाग्रीको कमी, छिर्के, फुर्के, गानो कुहिने, डढुवा लगायतका रोगको व्यापकता, बगानको उचित व्यवस्थापनमा कमी तथा उन्नत उत्पादन प्रविधि, प्राङ्गारिक मल र रोगकिरा व्यवस्थापन सम्बन्धी प्राविधिक सेवा एवम् ज्ञानको कमीले गर्दा अलैंचीको उत्पादकत्वमा ह्रास आएको छ ।

- त्यसैले उत्पादकत्व बढाउन, लागत घटाउन तथा बजारयोग्य अलैचीको गुणस्तर (तौल, रङ, आकार आदि) अभिवृद्धि गर्नका लागि उपयुक्त उत्पादन प्रविधिको अवलम्बन गर्न जरुरी रहेको छ ।
- हालसम्म यस क्षेत्रमा अलैची टिपेपछि सुकाउने कार्य बाहेक अलैचीमा मूल्य अभिवृद्धि सम्बन्धी अरु थप क्रियाकलापहरु हुने गरेको पाइदैन । करीब ९० प्रतिशत किसानहरुले दाउरा प्रयोग गरी परम्परागत भट्टीमा अलैची सुकाउने गरेको पाइन्छ । यसले गर्दा अलैंचीको गुणस्तर बजारको माग अनुरुपको रहेको छैन । त्यसैले किसानको तहमा नै सुधारिएको भट्टी (ड्रायर) मा सुकाउने, पुच्छर काट्ने, ग्रेडिङ गर्ने, प्याकेजिङ तथा लेबलिङ गर्ने उपयुक्त प्रविधि लगायतका क्रियाकलापलाई अपनाउनु पर्ने देखिन्छ । किसान तथा व्यपारीहरुलाई यस सम्बन्धी प्राविधिक तथा व्यवसायिक ज्ञान र सीपको समेत आवश्यकता रहेको छ ।
- यस क्षेत्रमा उत्पादित अधिकांश अलैंची पूर्वी नेपालको बिर्तामोड हुदै भारतीय बजारमा निर्यात हुने गरेको छ । व्यपारिक तहमा समेत यसको मूल्य अभिवृद्धिका लागि ज्यादै न्यून क्रियाकलापहरु भएका छन् । भारतीय बजारमा मात्रै निर्भर रहेकाले अलैंचीको बजार मूल्य अस्थिर र अपारदर्शी रहने गरेको छ । यस सम्बन्धमा भरपर्दो बजार सूचना प्रणालीको अभाव रहेको छ । त्यसैले नेपाली व्यापारी/निर्यातकर्ताहरुले भारत र त्यस बाहेकका अन्तर्राष्ट्रिय बजारको खोजी गर्ने, खरीदकर्ताहरुको रुची, चाहाना र आवश्यकताको पहिचान गर्ने, उपजको गुणस्तर मापदण्ड निर्धारण गर्ने, उपजको स्वच्छता सम्बन्धी व्यापार मापदण्ड (SPS Requirements) पुरा गर्ने, , विभिन्न प्रयोगशाला परीक्षण (खाद्य तत्व, विषादि अवशेष, आदि), प्रमाणीकरण, लेबलिङ, प्याकेजिङ लगायतका बजारीकरण सम्बन्धी सेवा र जानकारीहरुको विकास गर्न जरुरी रहेको छ ।

२. **उपरोक्त समस्या एवम् कठिनाईहरुको समाधानका लागि तल उल्लेखित कार्यक्रमहरुका लागि पूरक अनुदान उपलब्ध गराईने छ ।**

- सम्भावित तथा नयाँ बजारको पहिचान तथा विस्तारका लागि आवश्यक बजार अध्ययन/अनुसन्धान ।
- सम्भावित तथा नयाँ बजारमा प्रवेशलाई सहज र दीगो बनाउनका लागि आवश्यक बजार पहुँच तथा वितरण रणनीति तयार ।
- उत्पादन तथा संचालन पद्धति तथा प्रविधिको सुधारबाट कोष अन्तरगतका चारवटा मूल्य श्रृङ्खलामा संलग्न भएकोहरुको कार्यकुशलता एवम् क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक पर्ने मेशिनरी उपकरण खरीद तथा उपयुक्त पूर्वाधारको निर्माण ।
- मूल्य श्रृङ्खलामा आवद्ध किसान लगायतका कच्चा पदार्थ उत्पादनकर्तालाई तालिम तथा सहजीकरणको माध्यमबाट उत्पादनका साधनहरुको गुणस्तर तथा परिमाणमा सुधार गर्दै प्रशोधनकर्ता, ब्यावसायी तथा बजार प्रवर्द्धकहरुसँगको व्यवसायिक सम्बन्धको विकास ।
- छनौट भएका वस्तुहरुको आपूर्ति श्रृङखलामा सुधार ।
- उत्पादनका साधनहरुको वितरण प्रणालीमा सुधार ।

- कोष अन्तरगत छनौट भएका चारवटा वस्तुहरुको सम्भावित तथा नयाँ बजारमा पहुँचका लागि आवश्यक गुणस्तरीय तथा स्तरीय मापदण्ड सम्बन्धी प्रणाली अपनाउन ।

कोषको सहायतामा संचालित उल्लेखित क्रियाकलापहरुले लाभान्वित व्यवसाय र यसका सदस्य/कर्मचारी तथा सम्बन्धित मूल्य श्रृङखलामा आवद्ध व्यक्ति/समूहहरुलाई प्रत्यक्ष तथा दीगो फाईदा पुऱ्याउनु पर्ने हुन्छ । यसैले सबै परियोजनाहरुको उद्देश्य व्यवसाय संचालन भएका क्षेत्रका बासिन्दालाई आम्दानी र रोजगारीको प्रत्यक्ष/अप्रत्यक्ष अवसर प्रदान गरी उनीहरुको जीविकोपार्जन सुधारमा सकारात्मक प्रभाव पार्ने रहेको छ । कुनै एक किसान वा साना, मझ्यौला, तथा लघु उद्योगको नीजि लाभको लागि भन्दा पनि मूल्य श्रृङखलामा आवद्ध सबै पात्र/सरोकारवालाहरु बीचको सम्बन्ध सुधार गर्न सक्ने परियोजनाहरुलाई यस कोषले प्राथमिकता दिईनेछ ।

३. कोष अन्तरगतको बजार पूर्वाधार अनुदानक्षेत्र कसरी संचालन हुन्छ ?

बजार पूर्वाधार अनुदान क्षेत्रको संचालन सम्बन्धित मूल्यश्रृङखला अन्तर्गत रहेका पात्रहरुलाई उनीहरुद्वारा संचालित व्यवसायिक क्रियाकलापहरुको बिस्तार गर्नका लागि प्रोत्साहन गर्ने उद्देश्यले गरिएको हो । बजार पूर्वाधार अनुदान क्षेत्रले उपयुक्त आवेदन/अवधारणाहरुको छनौट गरी पूरक अनुदान उपलब्ध गराउँछ । बजार पूर्वाधार अनुदान क्षेत्रको उद्देश्य सार्वजनिक तथा उद्यमी, व्यवासयीहरुको निजी लगानीलाई विस्थापन गर्ने नभई निश्चित मूल्य श्रृङखलाहरुमा नवीन प्रविधिको प्रयोग तथा बिस्तार गर्ने क्रममा हुने जोखिम बहन गर्ने पद्धतिको विकासद्वारा निजी लगानीलाई प्रोत्साहित गर्दै लाभ पुऱ्याउनु हो । यो अनुदान छनौट भएका मूल्यश्रृङ्खलाहरुको व्यवासयीकरण र दिगो विकास गर्न नवीन तथा मौलिक, योजना, बस्तु, व्यापारीक/व्यवसायिक मोडल र गुणस्तर सुधार लगायतका क्रियाकलापहरु प्रति लक्षित रहेको छ ।

बजार पूर्वाधार अनुदान क्षेत्रको प्राथमिकतामा नेपालभरि लागु गर्न सकिने अनुकरणीय तथा बजार माग एवम् रिक्ततालाई (Market Gaps) पुरा गर्न सक्ने क्षमता भएका परियोजना पदर्छन् । मूल्य श्रृङखला अनुदानले आवेदकहरुलाई व्यवसायिक लाभ प्रदान गर्नुका साथै यसमा संलग्न/आश्रित पात्रहरुलाई सकारात्मक प्रभाव सुनिश्चत गराउन सहयोग गर्दछ । यसबाहेक मूल्य श्रृङखला अनुदानले महिला तथा परम्परागत रुपमा पिछडिएका समूहहरु माथिको विभेद न्यूनिकरणको लागि विशेष ध्यान दिने छ ।

बजार पूर्वाधार अनुदानले सार्वजनिक सञ्चार माध्यमबाट विज्ञापन तथा सूचना प्रवाहगरी खुला प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा छनौट गरिएका सान्दर्भिक सीप र अनुभव भएका उपयुक्त परियोजना/अवधारणा/आवेदनहरुलाई मात्रै पूरक अनुदान सहायता उपलव्ध गराउने छ ।

यो अनुदान क्षेत्र अन्तरगत अवधारणा पत्र पेश गर्नका लागि देहायका बिषयहरुमा प्रस्ताव आह्वान गरिएको छ :

कोड	बिषय	विवरण	लक्षित आवेदक
एम १	प्रयोगशाला पूर्वाधार तथा सेवा	माटो परीक्षण, खाद्य गुणस्तर परीक्षण, तन्तु प्रजनन् (Tissue Culture) लगायतका प्रयोगशालाको स्थापना, स्तरोन्नती र सेवा प्रवाह सम्बन्धी प्रस्ताव	संचालनमा रहेका तथा सञ्चालन गर्न इच्छुक निजी तथा सार्वजनिक संस्थाहरु
एम २	क्षेत्रीयस्तरमा सार्वजनिक प्रयोगको लागि लिलामी - (Auction)तथा गोदाम (भण्डारण) सुविधा विकास	यी समस्यासँग सम्बन्धित कुनै पनि प्रस्ताव	संचालनमा रहेका तथा इच्छुक निजी संस्था तथा सार्वजनिक निकाय
एम ३	विभिन्न बस्तुहरुका लागि बजार सूचना सेवा	बजार सूचना सेवाको स्थापना तथा संचालन सम्बन्धी प्रस्ताव	सार्वजनिक तथा निजी संचार माध्यम वा कृषक सहयोगी संस्थाहरु

४. बजार पूर्वाधार अनुदान क्षेत्र (Market Infrastructure Window) ले अनुदान प्राप्त गर्ने लाभग्राही (संस्था) लाई के दिन्छ ?

बजार पूर्वाधार अनुदान क्षेत्रले सह-लगानीकर्ताको हैसियतमा सम्बन्धित मूल्य श्रृङखलाहरु अन्तर्गतका महत्वपूर्ण व्यवसायिक, नवीन, मौलिक तथा सान्दर्भिक अवधारणाहरुको बिस्तार गर्नका लागि **पुरक अनुदान (Matching Grant)** उपलब्ध गराउँछ ।

कोषले परियोजनाको व्यवसायिक सफलतालाई सुनिश्चित गर्न परियोजना **लागतको केहि अंश** कार्य सम्पादनमा आधारित अनुदान (Performance-Based Grant) को रुपमा उपलब्ध गराउने छ भने **बाँकी रकम आवेदक स्वयम्ले नै बेहोर्नु पर्नेछ** ।

बजार पूर्वाधार अनुदान क्षेत्र अन्तरगत निम्न किसिमका पूरक अनुदान उपलब्ध गराइने छ । लागत साझेदारी दर भन्नाले परियोजनाको कुल लागतमध्ये मूल्य श्रृङ्खला अनुदान क्षेत्रले व्यहोर्ने लागतको निश्चित हिस्सा हो । उक्त हिस्सा बाहेकको बाँकी लागत आवेदक स्वयंले नै बेहोर्न पर्ने छ ।

अनुदान विवरण	**अनुदान (अमेरिकी डलरमा)**
न्यूनतम् अनुदान रकम	५०,०००
अधिकतम् अनुदान रकम	५००,०००
एक संस्था वा संस्थाको समूहको लागि अधिकतम् अनुदान	५००,०००
भौतिक संरचना निर्माण तथा मेशिनरी औजार *खरिदका* लागि (Hardware) बेहोर्ने लागतको	५० प्रतिशत सम्म
तालिम, प्राविधिक सहायता **(Software)** आदि का लागि बेहोर्ने लागतको	९० प्रतिशत सम्म

बजार पूर्वाधार अनुदानले बेहोर्ने लागत दरको सम्बन्धमा आवेदकले पेश गरेको प्रस्ताव, परियोजनाको नवीनता तथा प्रभावकारीताका आधारमा कोषले निर्णय गर्ने छ । नवीन मौलिक तथा बृहत प्रभाव पार्न सक्ने क्षमता रहेका परियोजनाका लागि कोषले लागत साझेदारी दर पनि बढाउन सक्नेछ ।

५. आवेदकले गर्न सक्ने वस्तुगत योगदान (नगद बाहेकको)

अनुदान प्राप्त गर्ने आवेदले आवेदकको तर्फबाट गरिने योगदानमध्ये २५ प्रतिशतसम्म बस्तुगत (नगद बाहेकको) योगदान गर्न सक्ने छन् । यस्तो योगदानलाई आवेदकले योजना तथा बजेट बनाई सम्झौता गर्ने समयमा पेश गर्नु पर्नेछ ।

वस्तुगत योगदान (नगद बाहेकका) अन्तरगत कार्यालय, औजार उपकरण आदिको लागत तथा कर्मचारीको लागि हुने खर्च आदि गणना गरी समावेश गर्न सकिने छ । यी लागतलाई परियोजनाको लागत हिस्सेदारीमा देखाउनका लागि आवेदकले आफ्नो प्रस्तावमा औचित्य समेत पेश गर्नु पर्ने छ । आवेदकले आफ्नो नगद बाहेकको योगदानको पुष्ट्याइका लागि परियोजनाको कुल आर्थिक लागतमा बस्तुगत शिर्षक अन्तरगतका खर्च सम्बन्धी विवरण उचित तरिकाले र मौद्रिक मूल्यमा उल्लेख गर्नु पर्नेछ ।

वस्तुगत योगदान (नगद बाहेकको) को मौद्रिक मूल्यांकन उचित वा प्रमाणीक नदेखिएको खण्डमा कोषले आफै निर्धारण गरी निर्णय लिन सक्ने छ ।

६. अन्य योगदान

कोषले अवधारणा पत्र पेश गरेको ६ महिना भन्दा पहिले गरिएका योगदान तथा पूँजीगत खर्चहरुलाई मान्यता दिने छैन । आवेदकहरुले यस्ता खर्च तथा योगदानलाई परियोजनाको लागतमा गणना गराउन चाहेको खण्डमा स्पष्ट प्रमाण सहित पेश गर्नु पर्ने छ । यसरी पेश गर्दा लागेको खर्च, खर्च गरेको मिति र यस्ता खर्चहरु सो प्रस्तावसंग कसरी सम्बन्धित रहेको छ भन्ने विषयमा प्रष्ट खुलाउनु पर्नेछ । त्यस्ता योगदानलाई स्वीकार गर्ने वा नगर्ने अधिकार कोषसँग सुरक्षित रहने छ ।

परियोजनासँग सम्बन्धित अन्य कम्पनी, कोष, गैर सरकारी संस्था लगायतका तेस्रो पक्षद्वारा प्रदान गरिएका आर्थिक सहयोगलाई कोषले आवेदकको २५ प्रतिशतको माथि उल्लेखित बस्तुगत योगदान अन्तरगत गणना गरी मान्यता प्रदान गर्न सक्नेछ । आवेदकहरुले आफ्नो आवेदनमा यस प्रकारका अन्यत्रबाट प्राप्त हुने अनुदान तथा अपेक्षित अनुदानको बारेमा प्रस्तावमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

परियोजनाको कुल लागतमा आवेदकको तर्फबाट गरिने योगदानमध्ये कम्तिमा २५ प्रतिशत योगदान नगद मै वा लगानीको रुपमा हुनु पर्नेछ ।

परियोजनाको कूल प्रस्तावित लागतमध्ये बढीमा ७५ प्रतिशतसम्मको रकम मात्र पूर्वाधार निर्माणका लागि खर्च गर्न सकिनेछ ।

७. कोष परिचालन योजना

कोषको बजार पूर्वाधार अनुदान क्षेत्र नेपालमा २०१६ देखि जुलाई २०१८ सम्म संचालन हुनेछ ।
कोषको सहयोगमा संचालित सबै क्रियाकलापहरु जुलाई २०१८ सम्ममा अनिवार्य रुपमा सम्पन्न गरीसक्नु पर्ने छ ।

अवधारणा पत्र पेश गर्नको लागि कुनै निश्चित अन्तिम मिति तोकिएको छैन । कार्यक्रमको अन्तिम अवधि वा परियोजनाका लागि बिनियोजित बजेट रकममध्ये जुन पहिले समाप्त हुन्छ, त्यस पश्चात आवेदन आह्वान गर्न बन्द गरिनेछ ।

कोषका लागि बिनियोजित रकम सीमित भएको हुँदा मूल्य श्रृङ्खला अनुदान क्षेत्रले पहिले प्राप्त भएको आवेदनलाई पहिलो प्राथमिकता दिई क्रमश आवेदनहरुको छनौट गर्दै जाने छ । तसर्थ ईच्छुक आवेदकहरुलाई यथाशीघ्र आफ्ना प्रस्ताव पेश गर्न आग्रह गरिन्छ ।

बजार पूर्वाधार अनुदान क्षेत्र (MIW) अन्तरगत क्षेत्रीय तथा राष्ट्रिय स्तरका प्रस्तावहरु समेत पेश गर्न सकिने छ ।

८. कोषमा आवेदन पेश गर्न के कस्ता आवेदकहरु योग्य हुनेछन् ?

बजार पूर्वाधार अनुदान क्षेत्र अन्तर्गतका व्यवसायमा संलग्न तथा विधिवत रुपमा दर्ता भई संचालनमा रहेका सबै व्यवसायिक संस्था, फर्म, उद्यमी आदि आवेदनका लागि योग्य हुनेछन् ।कोषको अनुदानको सहयोगका लागि प्रयोगशाला, कारखाना र अनुसन्धान तथा तालिम केन्द्रहरुले पनि माग गर्न सक्ने छन् । अनुदानको लागि योग्य हुनका लागि यी आवेदकहरुले कार्यक्रममा समावेश भएको मध्ये कम्तिमा कुनै एक मूल्य श्रृङखलामा आफ्नो महत्वको पुष्ट्याई पेश गर्नु पर्ने छ । साथै परियोजनाको दीगो व्यवसायिक योजना समेत पेश गर्नु पर्ने छ । सार्वजनिक सेवा प्रदायक निकायहरुले निजी पात्र/साझेदार संस्थाहरुसँगको सहकार्यमा आवेदन गर्न पाउने छन् । यस्ता परियोजना प्रस्तावको हकमा सार्वजनिक निकायहरुले दर्ता भएको निजी व्यवसाय वा संस्थासँग सहवित्तीयकरण प्रस्ताव पेश गर्न सक्ने छन र पेश भएको परियोजना व्यवसायिक रुपमा दीगो हुन पर्ने छ ।

९. निजी क्षेत्रका आवेदकहरु :

- विधिवत रुपमा दर्ता भएका र अद्यावधिक नवीकरण तथा कर दायित्व पुरा गरेका ।
- सम्बन्धित मूल्य श्रृङ्खलामा न्यूनतम् एक बर्ष कार्य गरेको अनुभव भएका ।
- वित्तीय रुपमा सबल वा दुईबर्ष सम्मको वित्तीय दिगोपनाका लागि भरपर्दो व्यवसायिक योजना पेश गरेका ।
- अनुदानलाई पारदर्शी तथा कुशलतापूर्वक प्रयोग गर्नका लागि आवश्यक आन्तरिक प्रणाली र प्रकृयालाई प्रदर्शन गर्न सक्ने ।
- आफुले प्रस्ताव गरेअनुरुप परियोजनाको लागि लागत साझेदारी योगदान गर्न सक्ने क्षमता भएका ।

सार्वजनिक सेवा प्रदायक निकायहरु :

- प्रस्तावित क्रियाकलाप संचालन गर्नका लागि जनअनुमोदित प्रस्ताव हुनु पर्ने छ ।
- कार्यक्रममा समावेश भएकामध्ये कम्तिमा कुनै एक मूल्य श्रृङखलामा सेवा प्रदान गर्नु पर्ने छ।
- वित्तीय (नगद) तथा वस्तुगत (नगद बाहेक) योगदान गर्न सक्ने क्षमता हुनु पर्ने छ ।
- परियोजना र यसका सेवाहरु दिगो रुपमा सञ्चालन गर्न सक्ने क्षमताको आधार पेश गर्नु पर्ने छ ।

१०. समावेश गर्नु पर्ने दस्तावेज

अवधारणा पत्रसँग पेश गर्नु पर्ने दस्तावेजहरु	प्रस्तावसँग पेश गर्नु पर्ने दस्तावेजहरु	सम्झौता गर्दा पेश गर्नु पर्ने दस्तावेजहरु
- सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपीहरु । - संस्थाहरु बीच सहवित्तीयकरण (साझेदारी,	- आवेदकको वित्तीय विबरण* - कम्तिमा अघिल्लो एक बर्षको लेखा परीक्षण प्रतिवेदन ।	-परियोजनामा लागत साझेदारीका लागि आवश्यक आर्थिक स्रोतको प्रमाण (नगद योगदान रकमको कम्तीमा ५० प्रतिशत ।।

सहकार्य) भए सो को सम्झौतापत्र ।	- परियोजना कार्यान्वयन टोलीका सदस्यहरुको वयक्तिक विवरण । - संस्थाको विधान तथा नियमावलीको प्रतिलिपि ।	-गत आर्थिक बर्षसम्मको कर चुक्ता गरेको प्रमाण* । -सामान खरीद सम्बन्धी आन्तरिक संहिता (उपलब्ध भए) ।

* सार्वजनिक सेवा प्रदायक निकायको हकमा लागु हुने छैन ।

११. प्रकृया

आवेदकहरुले दुईवटा चरणको प्रकृया पार गर्नुपर्ने हुन्छ । पहिलो चरणमा ईच्छुक आवेदकहरुले आवेदन जानकारी सङ्गालोमा उल्लेखित प्रावधानहरुको पालना गरी अवधारणा पत्र पेश गर्नु पर्नेछ । अवधारणा छनौट भएको खण्डमा आवेदकले पूर्ण बिवरण सहितको प्रस्ताव पेश गर्नु पर्नेछ ।

प्राप्त भएका अवधारणा पत्र तथा प्रस्तावहरुलाई पूर्ण पारदर्शीताका साथ पूर्वनिर्दिष्ट अंक तालिकाको (Pre-defined Scorecard) आधारमा मूल्यांकन गरिने छ ।

<u>अंक तालिका (Score card) मूल्यांकनका मुख्यक्षेत्रहरु :</u>

१. आवेदकको क्षमता तथा श्रोतसाधन
२. प्रस्तावका मुख्य अवधारणा (व्यवसायिक मोडल, , बस्तु, वितरण/आपूर्ति मोडल), दीगोपना तथा नवीनतम/मौलिक पक्ष
३. उन्नती प्रतिस्पर्धात्मक कोषको उद्देश्यसंग मेलखाने प्रकारको तथा लक्ष्यअनुरुपको अवधारणा पत्र/परियोजना प्रस्तावको सम्भाव्य/सारगर्वित प्रभाव

१२. सरलीकृत प्रकृयागत श्रृङखला -(Simplified Process Chain)

कोषले इच्छा पत्र आह्वान(Expression of interest) प्रकाशित गरेपछि योग्य आवेदकहरुबाट अवधारणा पत्र माग गरिने छ ।

कोषको व्यवस्थापन समूहद्वारा अवधारणा पत्रको योग्यता जाँच गरेपश्चात छनौट गरिएका आवेदकहरुलाई पूर्ण प्रस्ताव पेश गर्न आह्वान गरिने छ । योग्य तथा पूर्ण प्रस्तावहरुलाई स्वतन्त्र विज्ञहरुको टोलीद्वारा मूल्यांकन तथा अङ्क प्रदान गरिने छ ।



माथि उल्लेखित प्रकृयाद्वारा छनौट भएका प्रस्तावहरु परियोजना कार्यकारी बोर्डमा अनुमोदनका लागि पठाईने छ । प्रस्ताव अनुमोदन भएको खण्डमा आवेदक तथा कोषबीच पूरक अनुदानको लागि सम्झौता हुनेछ । सो सम्झौता पत्रमा परियोजनाको विवरण, परियोजना अन्तर्गत संचालन हुने क्रियाकलाप, सोको अवधि, परियोजनाका प्रगतिका कोसेढुङ्गा (Milestone)तथा उपलब्धि र बजेट समावेश गरिने छ ।

प्रस्ताव अनुमोदन भएको बारेमा छनौट भएका आवेदकहरुलाई सूचित गरे पश्चात परिचयात्मक बैठकको माध्यमबाट प्रशासनिक प्रकृया तथा परियोजना प्रगति विवरण पेश गर्ने सम्बन्धि प्रावधानहरुका बारेमा जानकारी गराईने छ ।

अवधारणा पत्र सिलबन्दी गरिएको खाममा बिषयमा उन्नती अवधारणा पत्र भन्ने वाक्य उल्लेख गरी आवेदन इच्छा-पत्र, आफुले आवेदन गर्न चाहेको अनुदान क्षेत्रको नाम र कोड (सूचना प्याकेजमा उपलब्ध गराईएको) उल्लेख गरी निम्न ठेगानामा पेश गर्नु पर्नेछ । यसको साथै, आवेदकको नाम सहितको पुरा ठेगाना समेत उक्त खाममा उल्लेख गर्नु पर्नेछ ।

UNNATI – Value Chain Windows

United Nations Capital Development Fund (UNCDF),

UN House Pulchowk, Lalitpur, Nepal

Or

UNNATI - Access to Finance (A2F) project office

Barghachi Path Biratnagar 3, house number 93, Morang, Nepal

स्पष्टिकरणको लागि अनुरोध निम्न ईमेल वा उन्नती कार्यक्रमका जिल्ला कार्यालयहरुमा सम्पर्क गर्न सकिने छ : UCFDKT@gmail.com

१३. प्रयोग भएका शब्दहरुका परिभाषाहरु :

आवेदक : प्रस्तावको लागि आह्वानका आधारमा आवेदन दिने संस्था ।

आवेदन सम्बन्धी जानकारी सङ्गाला : कोषद्वारा आवेदकलाई उपलब्ध गराईएको दस्तावेज जसबाट कोषको मुख्य सुविधा तथा कार्यप्रणालीका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ । आवेदन प्याकेजमा अवधारणा पत्र तथा प्रस्ताव पेश गर्नको लागि फारम तथा ढाँचा पनि उपलब्ध छ ।

सम्झौता (अनुदान सम्झौता) : बाध्यकारी अनुबन्ध जसले अनुदान रकमको निश्चित शीर्षक अनुसार प्रयोग निर्धारण गरी अनुदान प्राप्तगर्ने निकाय वा उद्यमीका भूमिका तथा दायित्वका बारेमा उल्लेख गरेको हुन्छ । सम्झौताको साथमा कार्य सम्पादनमा आधारित सम्झौता (Performanace based Agreement)को ढाँचा समेत समावेश गरिएको हुनेछ ।

आवेदन : निर्देशिका अनुरुप पेश भएको दस्तावेज जसमा आवेदकले प्रस्ताव गरेका क्रियाकलापहरुका बारेमा विस्तृत विवरण पेश गरिएको हुन्छ ।

मूल्यांकन टोली : कोषले छनौट गरेको स्वत्रन्त्र बिज्ञहरुको टोली जसले पूर्वनिर्दिष्टित अंक तालिका (scorecard) तथा कोष मार्गदर्शन (UCF Manual)काआधारमा प्रस्तावहरुको समीक्षा तथा मूल्यांकन गर्नेछन् ।

अवधारणा पत्र : अवधारणा पत्र भन्नाले आवेदकले प्रस्तुत गरेका मुख्य विचार/क्रियाकलाप/कार्यन्वयन प्रक्रियाहरुको संक्षिप्त विवरण हो । यसमा प्रमुख क्रियाकलाप तथा अपेक्षित नतिजाहरुको संक्षिप्त विवरणको साथै सरलीकृत बजेट समाविष्ट गरिएको हुन्छ ।

सहवित्तीयकरण (Consortium) : आवेदकहरुको समूह जसमा कम्तिमा एउटा योग्य निजी उद्यमी, कम्पनी, फर्म वा संस्था साझेदारीका रुपमा संलग्न भएको हुनु पर्नेछ छ । सहवित्तीयकरणका साझेदार वा सदस्यहरुले संयुक्त प्रस्ताव पेश गर्नका लागि सबै पक्षद्वारा हस्ताक्षरित साझेदारी सम्झौता पेश गर्नु पर्ने छ ।

सहवित्तीयकरणको नेतृत्व गर्ने संस्था : सहवित्तीयकरणको नेतृत्व गर्ने संस्थालेसहवित्तीयकरण प्रस्ताव पेश गर्नु पर्ने छ । सहवित्तीयकरणको नेतृत्वगर्ने संस्थाले सहवित्तीयकरण साझेदारहरुको तर्फबाट कोषमा प्रतिनिधित्व गर्ने छ । सो संस्थाले आफ्ना साझेदारहरुबाट परियोजनाको कार्यान्वयन गराउनका लागि जिम्मेवार हुनेछ तथा साझेदारहरु बीच अनुदानको रकमको बाँडफाँड तथा उपलब्ध रकमको उत्तरदायित्व समेत वहन गर्ने छ । सहवित्तीयकरणको नेतृत्व गर्ने सम्बन्धी कुराको उल्लेख सहवित्तीयकरण सम्झौता पत्रमा गरिएको हुनु पर्ने छ ।

लागत साझेदारी : परियोजनाको बजेट तथा अपेक्षित खर्चहरु कोष र लाभग्राही संस्थाले संयुक्त रुपमा बेहोर्ने छन् । लागत साझेदारी भनेको परियोजनाका अपेक्षित खर्चहरुलाई कोष तथा अनुदान प्राप्तकर्ता बीच निर्धारण गर्ने कार्य हो । कोषले कुल परियोजना लागतको निश्चित प्रतिशत लगानी गर्ने प्रतिवद्धता व्यक्त गर्ने छ भने बाँकी रकम आवेदक स्वयम्ले बहोर्न पर्ने छ । दुवै पक्षले बेहोर्न पर्ने रकम र लगानी गर्ने बिधिको बारेमा अनुदान सम्झौतामा उल्लेख गरिने छ । अनुदान सम्झौतामा फरक क्रियाकलापहरुका लागि फरक लागत साझेदारी दर निर्धारण गर्न सकिने छ ।

मुद्रा : यस निर्देशिका अन्तर्गतका सम्पूर्ण रकम अमेरिकी डलरमा अङ्कित गरिएका छन् । कार्य सम्पादनमा आधारित सम्झौता (Performance Based Aggreements) तथा खर्चहरुको अनुगमन नेपाली मुद्रामा गरिने छ ।

उपलब्धि/कोसेढुङ्गा : अनुदानको पछिल्लो किस्ता (installment)प्राप्त गर्नका लागि आंशिक वा पूर्ण रुपमा सम्पादन भइसक्नु गर्नु पर्ने कार्यक्रमका प्रमुख लक्ष्य (Target)वा चरणहरु ।

वित्तीय संस्थाहरु : कोष निर्देशिका अनुसार वित्तीय संस्थाहरु भन्नाले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त गरी संचालनमा रहेका क, ख, ग र घ वर्गका वित्तीय संस्थाहरु र गैर-बैंक वित्तीय संस्थाहरु, बीमा कम्पनीहरु तथा दर्ता भई संचालनमा रहेका सहकारी संस्थाहरु (आफ्ना सदस्यहरुलाई आर्थिक सेवा प्रदान गरिरहेका बहुउद्देश्यीय सहकारी संस्थाहरु समेत) पर्दछन् ।

पूर्ण प्रस्ताव वा प्रस्ताव : निर्देशिकामा उपलब्ध ढाँचा प्रयोग गरी प्रस्तावकले अनुदानको लागि पेश गरेको परियोजनाको बिवरण । यसमा विस्तृत बजेट, लागत साझेदारी प्रस्ताव, संयोजन सम्झौता(चाहिएमा), आवश्यक कागजात तथा परियोजनाको कार्यान्वयनमा संलग्न मुख्य कर्मचारीहरुको विवरण पनि उल्लेख गरिएको हुन्छ ।

अनुदान : परिभाषित उद्देश्यको पूर्तिका लागि प्रतिस्पर्धात्मक प्रक्रियाबाट छनौट भएका आवेदक संस्था वा संयोजनलाई प्रदान गरिएको आर्थिक सहयोग ।

अनुदान सम्झौता संशोधन : अनुदान सम्झौता अन्तर्गत लागत, अवधि वा दायरामा परिवर्तन । क्रियाकलापमा संशोधन गर्नका लागि कोषको स्वीकृत लिनु पर्ने छ । संशोधन लिखित रुपमा अनुमोदन गराउनु पर्ने छ र अनुदान सम्झौतामा अनुदानग्राही, कोष व्यवस्थापक र मूल्यांकन टोलीले हस्ताक्षर गरी अनुमोदन गर्नु पर्ने छ ।

अनुदानग्राही : निजी क्षेत्रका अभियन्ता (चिया, अदुवा, डेयरी तथा अलैंची मूल्य श्रृङखला) तथा अन्य सेवा प्रदायकहरु ।

कोषको टोली वा कार्यान्वयन टोली : उन्नती कार्यक्रममा समर्पित संयुक्त राष्ट्रसंघीय पूँजी विकास कोष (UNCDF) तथा ORGUT का कर्मचारी ।

कोष व्यवस्थापक : कोषको व्यवस्थापक भन्नाले संयुक्त राष्ट्रसंघीय पूँजी विकास कोष (UNCDF) लाई बुझिने छ ।

कार्यान्वयन योजना : कार्यान्वयन योजना आवेदकले आफ्नो आवेदनसँग पेश गरेको दस्तावेज हो । यसले अनुदानको उपयोगद्वारा प्राप्त गरिने लक्ष्य, उद्देश्य तथा क्रियाकलापको बारेमा जानकारी गराउँछ । यो दस्तावेज आवेदनको मूल्यांकन गर्नका लागि प्राथमिक सूचनाको आधार हो । कार्यान्वयन योजनालाई
अनुसूचीको रुपमा अनुदान सम्झौतासँग समावेश गरिने छ ।

वस्तुगत (नगद बाहेक) योगदान : अनुदान प्राप्त गर्ने संस्थाले गर्ने योगदान वस्तुगत (नगद बाहेक) पनि हुन सक्ने छ तर यसका लागि कोषको स्वीकृत आवश्यक पर्ने छ । वस्तुगत (नगद बाहेक) योगदान अन्तरगत भवनको भाडाको केही अंश, कार्यरत कर्मचारीको तलब लगायतका कुरा पर्दछन् । कोषले वस्तुगत (नगद बाहेक) योगदानको मूल्यांकन गरी त्यस बराबरको मौद्रिक मूल्य निर्धारण गर्ने छ । यो मूल्य अनुदान प्राप्त गर्ने आवेदकको योगदानको २५ प्रतिशत योगदानभन्दा बढी हुने छैन । उदाहरणको लागि १,००,००० अमेरिकी डलरको प्रस्तावित बजेट भएको परियोजनामा ६०,००० कोषको अनुदान र ४०,००० आवेदकको योगदान भएको खण्डमा, अधिकतम वस्तुगत (नगद बाहेक) योगदान कुल योगदानको ४०,०००X२५%=१०,००० सम्म मात्र हुनु पर्ने छ । आवेदकले प्रस्तावित परियोजनामा १०,००० वस्तुगत (नगद बाहेक) तथा बाँकी ३०,००० बराबरको लगानी वा नगद योगदान गर्न सक्ने छ ।

परियोजनाको कार्यकारी बोर्ड : परियोजनाको कार्यकारी बोर्डले कोषको रेखदेख तथा व्यवस्थापन गर्ने छ ।

कार्य सम्पादनमा आधारित सम्झौता : यो सम्झौता कोष तथा अनुदानग्राही बीच गरिने सम्झौता हो । यस अन्तरगत अनुदानको पछिल्ला किस्ता प्राप्त गर्नका लागि कार्यक्रमका मुख्य लक्ष (Target)हरु आंशिक वा पूर्ण रुपमा प्राप्त गर्नु अनिवार्य हुन्छ ।

उन्नती प्रतिस्पर्धात्मक कोष : उन्नती प्रतिस्पर्धात्मक कोष अन्तर्गत तीनवटा अनुदान क्षेत्र रहेका छन् : वित्तीय सेंवामा पहुँचको विस्तार, मूल्य श्रृङखला अनुदान क्षेत्र र बजार पूर्वाधार अनुदान क्षेत्र ।
अनुदान क्षेत्र : अनुदान क्षेत्र (Window) भनेका कोष मार्फत हुने लगानीका प्रमुख तीन क्षेत्रहरु हुन् ।

१४. मूल्यांकन अङ्क तालिका (Scorecard)

अवधारणा पत्र तथा प्रस्तावहरुको मूल्यांकन निम्न संरचना/क्षेत्र तथा मापदण्डका आधारमा गरिनेछ :

बिषय	मापदण्ड
प्रस्तावक	प्रस्तावकसँग पर्याप्त क्षमता तथा बिज्ञता रहेको छ
	प्रस्तावकसँग पर्याप्त मानव संसाधन तथा आर्थिक श्रोत रहेको छ
प्रस्ताव वा अवधारणा पत्रको प्रमुख बिचार	परियोजनाले नवीनतम विचार/योजना दिएको छ
	परियोजनाले मूल्य श्रङृखला अन्तर्गत बजारको आवश्यकता पुरा गर्छ
	परियोजना ब्यवहारिक/संभाव्य रहेको छ
	परियोजना वित्तीय, व्यापारिक तथा प्राविधिक दृष्टिकोणबाट दीगो देखिन्छ
प्रभाव	बजार पूर्वाधार अनुदान क्षेत्रका लक्ष्यहरुसँग मेल खाने किसिमको छ
	कोषको वृहत लक्ष तथा उन्नती परियोजनाको उद्देश्य वा परिधिसँग मेल खाने खालको छ
	अपेक्षित प्रभाव
परियोजना महिला तथा सीमान्तकृत बर्ग केन्द्रित रहनेछ र यसले सामाजिक तथा वातावरणीय प्रभावलाई समेत सम्बोधन गर्नेछ ।	
जम्मा	

नोट :- यो दस्तावेज अंग्रेजी दस्तावेजबाट नेपालीमा उल्था गरिएकोले भविष्यमा कुनै विवाद उत्पन्न भएमा अंग्रेजी दस्तावेजलाई आधिकारीक मानिने छ ।